# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १४ ] काठमाडौं, माघ १६ गते २०२१ साल [ अतिरिक्ताङ्क २६


### श्री ५ को सरकार

### निर्माण, सञ्चार तथा यातायात मन्त्रालय

श्री ५ को सरकारले प्रकाशित गरेको तल लेखिएबमोजिमको नेपाल यातायात संस्थान गठन सूचना सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

प्रस्तावनाः– सर्वसाधारण जनताको निमित्त यातायात सुविधा बढाई यातायात सेवाको सञ्चालन सुव्यवस्थित र एकीकृत रूपमा चलाउन यातायात संस्थानको स्थापना गर्न आवश्यक देखिएकोले,

संस्थान ऐन, २०२१ को दफा ३ र ४ (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायबमोजिमको संस्थानको स्थापना र गठन गरेको छ :–

१. संस्थानको नामः– यस संस्थानको नाम "नेपाल यातायात संस्थान," रहेको छ ।

२. संस्थानको मूल कार्यालय र ठेगानाः– नेपाल यातायात संस्थान ( यसपछि संस्थान भनिएको ) को मूल कार्यालय काठमाडौंमा रहने छ ।

३. संस्थानको उद्देश्यहरूः– यस संस्थानको उद्देश्यहरू देहायबमोजिमका हुने छन्ः–

(क) रोप्वे, रेल्वे र अन्य यातायातका साधनहरूलाई जनताको सुविधा र आर्थिक हितको ख्याल राखी व्यापारिक सिद्धान्तको अनुशरण गरी संञ्चालन गर्ने,

(ख) यातायातका सबै साधनहरूलाई एकीकरण गरी सुसंगठित र सुव्यवस्थित रूपमा चलाउने,



४.५५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) यस संस्थानद्वारा संचालन गरिने यातायात सेवा र सोसम्बन्धी क्षेत्र श्री ५ को सरकारद्वारा निर्धारित भएपछि सो सेवालाई कुशल, किफायत र सुचारु रूपबाट चलाउने ।

४. संस्थानको सञ्चालक समितिका सदस्यहरुको नाम, ठेगाना र पेशाः– श्री ५ को सरकारले संस्थानको समितिमा निम्नलिखित जना सञ्चालकहरु मनोनीत गरी श्री कुमारमणि दीक्षितलाई सो सञ्चालक समितिमा अध्यक्ष तोकिदिएको छ :–

१. श्री कुमारमणि दीक्षित, सह–सचिव, राष्ट्रिय यातायात संगठन ।
२. श्री सुरेन्द्रराज शर्मा, सह–सचिव, नि. सं. तथा यातायात मन्त्रालय ।
३. श्री गजेन्द्रदेव पाठक, डाइरेक्टर, उ. वा. मन्त्रालय, वाणिज्य विभाग ।
४. श्री उदयमान श्रेष्ठ, उप–सचिव, अर्थ मन्त्रालय ।
५. श्री लोकनाथ जोशी, सभापति नेपाल च्याम्बर अफ कमर्स ।
६. श्री शिवराज श्रेष्ठ, जनरल मेनेजर, साझा ।

आज्ञाले–
प्रद्युम्नलाल राजभण्डारी,
श्री ५ को सरकारको सचिव ।



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५००